सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाईनियाँ, मोरङ
प्रदेश नं. १, नेपाल

प.सं. २०७८/७९
च.नं.

## कर्मचारी सेवा करारमा सहजकर्ता लिने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०७८/११/११

आ.व. २०७८/७९ मा यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सशर्त अनुदान तर्फको कृषक सूचीकरणको लागि किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा १९ को उपदफा (२) बमोजिम कृषक दर्ता व्यवस्थापनको लागि यस नगरपालिकाको विभिन्न वडाहरुमा कार्यक्रम सञ्चालन गर्न सहजकर्ता पदपूर्ति गरी देहायको संख्यामा करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस नगरपालिकाको राजश्व जम्मा गरेको सक्कल भौचर सहित आवेदन दिनुहुन सूचित गरिन्छ।

| क्र.स. | विज्ञापन नम्बर | पद | माग पदसंख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६/२०७८-७९ | सहजकर्ता | ६ | ३००/- | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः
 *योग्यताः माध्यमिक तह (कक्षा १२) वा सो-सरह उत्तीर्ण गरेको
 *इन्टरनेटबाट डाटा इन्ट्री गर्न सक्षम भएको।
 *आफ्नै Android / Smart Phone / Tablet भएको हुनुपर्ने।
२. उमेरः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।
३. दरखास्त दिने स्थानः सुनवर्षी नगर कार्यपालिकाको कार्यालय, डाईनियाँ, मोरङ।
४. दरखास्त दिने अन्तिम मितिः २०७८ फाल्गुन १८ गते बुधवार कार्यालय समयभित्र।
५. छनोटको किसिमः सर्ट लिष्ट (Short List) र अन्तर्वार्ता (Interview)
६. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरूः
 *नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति।
 *न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको छाँयाप्रति।
७. सेवा सुविधाः किसान सूचीकरण कार्यक्रम कार्यविधि/सञ्चालन निर्देशिका, २०७७ अनुसार प्रति घरधुरीको तथ्याङ्क सङ्कलन तथा डाटा इन्ट्री गरेबापत रु. ७५ का दरले वा करार सम्झौतामा उल्लेख भएअनुसार।
८. कार्यक्षेत्रः सुनवर्षी नगरपालिका भित्रका विभिन्न वडा।
९. कार्यविवरणः सम्बन्धित पदले गर्नुपर्ने सेवा उपलब्ध गराउने।
१०. अन्तर्वार्ता मितिः २०७८ फाल्गुन २२ गते आइतबार विहान ठीक ११:०० बजेदेखि
११. अन्तर्वार्ता हुने स्थानः सुनवर्षी नगर कार्यपालिकाको कार्यालय

(पुरुषोत्तम घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

***(नोटःकृषि/पशु सेवा प्राविधिक विषय लिई अध्ययन गरेको तथा स्थानीय बासीलाई विशेष प्राथमिकता दिइनेछ।)***

"समृद्ध सुनवर्षीको आधारः स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार ।"
फोनः०२१-४३३०२५(नगरप्रमुख) ०२१-४३३०२६ (नगर उपप्रमुख) वेबसाइटः www.sunawarshimun.gov.np इमेलः sunbarsimun@gmail.com